# नेपालमा करिया मोचन

— होमप्रसाद 'गृहस्थी'

### १.१ प्रस्तावना

संसारका प्रायः इतिहासका घटनाहरू विद्रोहले पोतिएका छन् । ऐतिहासिक घटनाहरू एक अर्काप्रतिको असन्तुष्टी र वैमनष्यले निर्मित हुन्छन् । मान्छेले किन विद्रोह गर्दछ ? विद्रोहबाट हातलागेको असल वा खराब परिणामलाई जस्ताको तस्तै रूपमा व्यक्त गर्नु सच्चा इतिहासकारहरूको काम हो । 'इतिहास' मान्छेकै नराम्रो वा राम्रो गुणको पहिचान हो ।[1] अझ गहिरिएर विचार गर्ने हो भने इतिहासमा अनेकौं रमाइला घटनाहरू जन्मिएका हुन्छन् । 'इतिहास नै घटना हो र घटना नै इतिहास हो' भन्ने वस्तुतथ्यलाई हामी कसैले बिर्सनु हुँदैन । 'कुनचाहिं ऐतिहासिक घटनाले जनमानसमा गहिरो प्रभाव पार्दछ र कसले प्रभाव पार्न सक्तैन' भन्ने कुरा इतिहासकारले पहिचान गर्नुपर्छ । फेरि अर्को कुरा हामीले के पनि बिर्सनु हुँदैन भने कुनै पनि ठूलो घटना हुदैमा अनिवार्य अनुसन्धेय विषय बन्नसक्छ भन्ने कुरा होइन र सामान्य घटनावलीले पनि बृहत् आकारमा ग्रन्थ तयार पार्ने सामग्री जुटाउन सक्छ । त्यसकारण कुन कुरा महत्त्वपूर्ण हो र कुन कुरा सामान्य हो ? भन्ने छुट्याउने विवेक पनि सच्चा अनुसन्धानकर्तामा हुनु अनिवार्य छ । अर्को कुरा, अनुसन्धान भनेको के हो ? र यो कसरी गर्नुपर्छ ? भन्ने कुरा पनि आधिकारिक रूपमा प्रकाशमा आए जस्तो महसूस हुँदैन । साँच्चिकै भन्ने हो भने अनुसन्धान भनेको अनुसन्धानकर्ताको मौलिक नयाँ मान्यता हो । अरूले समाजमा राखिसकेका कुरालाई एक-दुइटा शब्द आफ्ना पनि जोडेर व्यक्त गर्नु मात्र अनुसन्धान होइन । यो त अनुसन्धान क्षेत्रमा अघि बढ्नका लागि चालिएको कदम हो भन्न सकिन्छ । यस वस्तुतथ्यलाई एकजना युवा साहित्यकारले यसरी व्यक्त गरेको पाइन्छ —

"......वास्तविक अर्थमा भन्ने हो भने अनुसन्धान भनेको त संसारमा आजसम्म कसैले पत्ता लगाउन नसकेको नयाँ कुरा फेला पार्नु हो । हिजो-आज त 'फुट्नोट्' दिएपछि पूर्ण अनुसन्धानपूर्ण कृति मानिन्छ ।"[2]

प्रस्तुत लेख 'नेपालमा करिया मोचन' अनुसन्धान-पूर्ण कृतिको रूपमा मान्न सकिन्छ कि सकिंदैन भन्नेतिर विचार गरौं । हामीले माथि प्रस्तुत गरेको अनुसन्धानको परिभाषामा विवेच्य कृति पर्न सक्तैन । किनभने करियाको परम्परा सृष्टिको आदिम अवस्थादेखि नै विकसित हुँदै आएको देखिन्छ । त्यसकारण पाठकले जाँगर गरेको खण्ड-मा करियाका सम्बन्धमा थुप्रै प्रकाशित सामग्री नै उपलब्ध हुन सक्छन् । धर्तीकै गर्भमा लुकेर रहेको तर कसैले सुइँको नपाएको, व्यक्तिको शरीरमै छिपेर बसेको तर उद्घाटित हुने मौका नपाएको कुरालाई कसैले पत्ता लगाएर प्रकाशित गर्दछ भने त्यसलाई सच्चा अनुसन्धा-नात्मक कृति मान्न सकिन्छ । यो त छरिएका सामग्रीलाई टिपोट गरेर, त्यसलाई पनि सिलसिला मिलाएर लेखिएको लेख मात्र हो । यसबाट त धेरै ठाउँमा सुरक्षित सामग्रीहरू एकै ठाउँमा जम्मा गरिएको मात्र पाइनेछ ।

## २.१ करिया शब्दको अर्थ

'करिया' भनेको के हो ? करिया शब्दलाई शब्द-कोषले कसरी परिभाषित गरेको छ, यसको केही नमूना हेरौं ।

कमारी– कमाराको स्वास्नी, किनेर ल्याएकी नोकर्नी,दासी
कमारो– (ना.) किनेको नोकर, दास, करिया ।[3]
कमारी- (ना.) [कमारो+ई] १. कमाराकी स्वास्नी ।
२. किनेर ल्याएकी नोकर्नी दासी ।
कमारो- ना. [प्रा कम्मग्रारो] किनेको नोकर दास करिया ।
कमातँन– ना. [कमारो+ग्रतँन(सं.)] १. कमाराले सहनु पर्ने दुख कमाराले खप्नुपर्ने ग्रनुशासन ।
२. दासता ।[4]

यो त एउटा संकेत मात्र हो । ग्रमरकोष शब्द सागर, शब्द तोयनिधि, वाचस्पत्यम्, मेदिनी कोश, हलायुध कोश ग्रादि सबैजसो कोशमा करिया शब्दको ग्रर्थ गरिएको पाइन्छ । 'करिया' शब्दको उच्चारण गरेको सुन्ने वित्तिकै खल्लो ग्रनुभूति हुन्छ । मान्छेले मान्छेकै दास बन्नुपर्ने । मान्छेले ग्रापना दैनिक जीवनका कामहरू गर्न नसकेर कुनै निर्धो मानिसलाई खान र लाउन नपाएर त्यसै भौंतारिएको मानिसलाई पशुवत् व्यवहार गरी काम लगाउने गरेको प्रथा कहाँसम्म समुचित हो । यसलाई मानवतावादी दृष्टिकोणले गहिरिएर सोच्नुपर्ने देखिन्छ । एकातिर– मानवा: बान्धवा: सर्वे 'ग्रात्मवत् सर्वभूतेषु'

सब भवन्तु सुखिन: सर्वे सन्तु निरामयाः ।
सर्वे भद्राणि पश्यन्तु माकश्चिद् दुःखभाग्जनः ।।

जस्ता ग्रादर्श ग्रभिव्यक्तिहरूको स्फुरण भएको पाइन्छ भने ग्रर्कातिर पुर्गीसरी ग्राउनेले ग्रजानलाई दलाई ग्राएको पनि पाइन्छ । वास्तवमा यो मानवताप्रतिको घोर ग्रपमान हो ।

## ३.१ केही पौराणिक सूक्तिमा दासप्रथाको निन्दा

वेद, उपनिषद्, पुराण, महाभारत, स्मृति ग्रादि सबै ग्रन्थमा मान्छेले मान्छेकै किनबेच गर्ने परम्पराको घोर निन्दा गरिएको छ । यहाँ केही सूक्तिहरूको मात्र उल्लेख गरिन्छ ।

नारीणां विक्रयं कृत्वा चरेच्चान्द्रायणं व्रतम् ।
द्विगुणं पुरुषस्यैव व्रतमाहुर्मनीषिण:[5]

कन्यां हयं च दासीं च स्वगृहे सम्भवान् शुभान् ।
पोषयित्वा द्विजोलोभात पश्चादेतांश्च विक्रयेत ।
स भुक्त्वा यातनाः सर्वा. पश्चाद् व्याधो भवेदिह[6]
द्विज सम्पाद्ययो दासीं गृहधर्म सुखाप्तये ।
पश्चातां विक्रयेत्तास्स चाण्डालो भवेद्भुवि[7]

दासीं द्विजोऽनु गृण्हीयाद भोगार्थं पतितोभवेत्
नित्यं नैमित्तिकं काम्यं सद्यः क्षरति पापिनः
विक्रये यद्वितां भूपंश्चाण्डालत्वं तदाप्नुयात्[8]

मनुष्यजातौ तुल्यानां दासत्वमतिगर्हितम्
प्रथमोयोन तत्रापि स किं जीवत्सु गण्यते

## ४.१ कौटिल्यको अर्थशास्त्रमा दासप्रथा

घरमा जन्मेको, ग्रंशभागमा पाएको, वकस पाएको, किनिएको यस्तो दास ८ वर्ष नपुगेको बन्धुवर्ग कोही नभएकोलाई उसले नचाहिकन नीच काममा लाउने, विदेशमा लगेर बिक्री बन्धकी गर्ने, गर्भिणी दासीलाई गर्भ उतार्ने खर्च नदिइकन बिक्री बन्धक राख्नेलाई पूर्व साहस (२५०) दण्ड हुन्छ । यस्ता दास-दासीलाई किन्ने र साक्षीमा सहायता गर्नेलाई पनि पूर्व साहस दण्ड हुन्छ । दासका धनको भाइबन्धुहरू हकदार हुन्छन् । कोही नभए मालिकै हकदार हुन्छ ।

ग्रापना मालिकबाट सन्तान जन्मेमा सन्तान र दास समेत ग्रदास हुन्छन् । दासी घरको कामकाज याद विचार पूरा गर्ने भएर रहेमा त्यसका ग्रामा, बहिनी, भाइहरू पनि ग्रदास हुन्छन् ।

दास वा दासीलाई एकबाजी निखनी सकेपछि फेरि बिक्री गर्ने बन्धक राख्नेलाई १२ पण दण्ड हुन्छ । तर ग्राफैंले मलाई बेच, बाधा राख भनेकी रहिछ भने दोष लाग्दैन ।[9]

## ५.१ दासप्रथाको परम्परा

पूर्वीय र पाश्चात्य दुवै समाजमा मान्छेले मान्छे-लाई किनबेच गरेका प्रशस्त उदाहरणहरू पाइन्छन् ।

पूर्वीय समाजमा जाति प्रथाले उग्ररूप लिएपछि मानवीय व्यवहारमा असमानताका झिल्काहरू देखा पर्दै गएका हुन् । अझ खासगरी भन्ने हो भने ठूलो जातको मान्छेले सानो जातको मान्छेलाई मात्र दासको रूपमा स्वीकार गर्ने गरिएको नभई सजातीयमा पनि यदि आफूभन्दा कमजोर मानिस परेको छ भने त्यसैलाई कठोर यातना दिएर दासको रूपमा राख्ने चलन चलेको देखिन्छ । पाश्चात्य समाजमा त विशेषतः काला र गोरा बीचको सङ्घर्ष असमानता युगौं पहिलेदेखि थियो र अझै यो घृणित प्रथा जीवितै छ । यस वस्तुसत्यलाई हामी यस अभिव्यक्तिबाट पुष्टि गर्न सक्छौं ।

अब्राहम लिङ्कन आफ्ना पिताका साथ नयाँ नयाँ वस्तीको खोजमा डुल्न नयाँ-नयाँ गाउँ र वातावरण देखेर रमाउँथे साथै छक्क पनि पर्थे ।

लिङ्कन पहिलोपल्ट एकजना धनीका छोराको साथमा शहर पुग्दा त्यहाँको झिलिमिली र त्यहाँका आधुनिक उपकरणहरू देखेर उनी ज्यादै चकित भए । उनी आफ्नो कौतुहललाई शान्त गर्न शहरमा घुमी त्यहाँको सबै कुराको अध्ययन गर्न थाले । त्यत्तिकै एउटा चौबाटो - मा कालो मानिसको लीलाम बिक्री हुन लागेको देखे । त्यस मानिसको घाँटीमा पशुको घाँटीमा झैं सिक्रीले बाँधिएको थियो र त्यहाँ भीडमा जम्मा भएका धनीहरू उसको बढीबढाउ मोल गर्न थालेका थिए ।

लिङ्कनले यसरी लीलाम गरेको कहिल्यै देखेका थिएनन् । त्यसैले त्यो के हो भनेर बुझ्न एकजना मानिस-संग सोधे– त्यहाँ के गर्न लागेको ? त्यो घाँटीमा सिक्रीले बाँधेको मानिस को हो ?

लिङ्कनले प्रश्नको उत्तरमा त्यस मानिसले त्यहाँ कमारा-कमारीको लीलाम बिक्री हुन लागेको छ । त्यो कालो कमारो हो र उसको मालिकले उसलाई बेच्न खोज्दैछ । धनी मानिसहरू तँछाडमछाड गरेर उसलाई किन्न खोज्दैछन् भनेर वेलि-विस्तार लगायो । यसरी मान्छेलाई पशु झैं बिक्री गर्न लागेको देखेर ती बालक लिङ्कनका मनमा बडो दुःख लाग्यो । उनले मनमनै आफैंसंग सोधे– के मानिसलाई पनि पशु जस्तै गरी बेच्नु न्याय हो ?"10

एकदिन एकजना भलादमीले आफ्नो छोरालाई शहर पठाउनु पर्दा एक्लै नपठाएर लिङ्कनलाई पनि साथ लगाइदिए । यसरी शहरमा पुग्दा त्यहाँको रौनक देखेर उनको आश्चर्यको सीमा रहेन । उनी त्यहाँ घुमी-घुमी शहरको मज्जा लिन लागे । त्यत्तिकैमा उनले के देखे भने एक ठाउँमा सिक्रीले बाँधिएका मानिसको लीलाम हुन लागेको रहेछ । त्यहाँ पैसावालहरू जम्मा भई बढी-बढाउ गर्न लागेका रहेछन् । यो देखेर लिङ्कनको मन एकतमासको भएर आयो । त्यो तमासा एकछिन हेरेर उनले मनमनै भने– "मानिसले मानिसलाई नै बेच्नु ठीक हो ?"

अब्राहम् लिङ्कन घर फर्के । केही दिनपछि उनी फेरि अर्को शहरमा पुगे । त्यहाँ पनि उनले त्यस्तै देखे मान्छेले मान्छेलाई बेचिरहेको अनि मान्छेले मान्छेलाई भाग्ला भनेर सिक्रीले बाँधिरहेको ।

"अहो यो त सारै अन्याय भयो आफू समानको मान्छेलाई मान्छेहरू यसरी किन बेच्दछन् अनि किन बाँध्छन् ?" यस्तो सोच्तै उनले पत्ता लगाउने प्रयत्न गरे । ठूला-ठूला पैसावालहरूले खेतीपातीको काममा यिनै किनिएका मानिसहरूलाई जोताउने रहेछन् । घरको यावत् काम पनि यिनीहरूलाई नै लगाउँदा रहेछन् । आफूचाहिं बाबुसाहेब बनेर आरामसाथ रही अल्छी जीवन बिताउँदा रहेछन् ।

अब अब्राहम लिङ्कनले यी बेचिनेहरू कहाँबाट ल्याएका रहेछन् त्यसको पत्ता लगाउन थाले । बुझ्दा अफ्रिका महाद्वीपमा रहेका निग्रो जातिका मानिसलाई हूलका हूल समातेर जहाजमा हाली त्यहाँ ल्याएर बिक्री गरिंदो रहेछ । यसबाट प्रशस्त आम्दानी हुँदोरहेछ ।"11

## ५.२ रुनु कि हाँस्नु

मान्छेले मान्छेलाई सिक्री लगाएर दोर्‍याउनु अमानवीय व्यवहार गर्नु, म मात्र मान्छे हुँ र निम्छरो व्यक्तिले मान्छे भएर बाँच्ने अधिकारै छैन, सधैं अर्काकै करिया बन्नुपर्छ भन्ने निकृष्ट धारणा राख्नु के उचित हो ? हामीले प्राप्त गर्न सकेका तथ्याङ्कहरू मोटामोटी मात्र हुन् । हामीले देख्ने र सुन्ने मौका नपाएका कैयौं डरलाग्दा

यातनाहरू होलान् र छन् जुन मान्छेकै थाप्लामाथि बसिरहेछन्। ढाकाको अतीतलाई एकछिन बिर्सौं। हामीले देखे-सुनेका छौं युगाण्डामा इदी अमीनले गरेको अत्याचार। ऊ कमजोर व्यक्तिहरू आफूले पालेका नोकरहरू र स्त्रीहरूको टाङ च्यातेर जन्मिएको कोलाहलपूर्ण वातावरणदेखि रमाउँथ्यो, हाँस्थ्यो र खुशी हुन्थ्यो। त्यस्तै बोकासो राम्रा-राम्रा युवतीहरूलाई आफ्ना शयन कोठामा ल्याएर नाइटामा छुरी रोपेर रमिता हेर्दथ्यो। इदी अमीनको अमानवीय व्यवहार त सबैले थाहा पाएकै कुरा हो। उसले राजनीतिक शक्तिलाई प्रयोग गरेर कैयौं जवानहरूको निर्ममतापूर्वक हत्या गरेको छ। संसारमा यस्ता कुकृत्यहरू कहाँ-कहाँ र के कति भएका छन् भन्ने कुराको खोजी नीति गर्ने 'एम्नेष्टी इन्टरनेशनल' भन्ने संस्था कार्यरत छ। र यसले आफ्नो प्रतिवेदन प्रकाशमा ल्याई पनि सकेको छ। यस संस्थाबाट प्रकाशित प्रतिवेदन पढ्दा शक्ति सम्पन्न मानिसले कमजोर मानिसमाथि कसरी दबाव हालिरहेको रहेछ भन्ने कुरा विस्तृत रूपमा थाहा पाउँछौं र हामी 'न रुनु न हाँस्नु' को दोधारे स्थितिमा परिणत हुन्छौं।

### ६.१ कमारा-कमारीको ऐतिहासिक परम्परा

कमारा-कमारी किनबेच जस्तो घृणित व्यवहार पहिलेदेखि नै पूर्वीय र पाश्चात्य समाजमा समान रूपमै पाइने कुराको चर्चा माथि गरियो। अब नेपालमा करिया मोचनको इतिहासलाई झलकाउने किसिमका केही उदाहरणहरू प्रस्तुत गरिन्छ।

पुरानो समयमा दुई पक्षका बीच घमासान युद्ध हुँदा जित्ने पक्षले हार्ने पक्षका सबै मानिसलाई दासको रूपमा स्वीकार गरिन्थ्यो। तिनै दासका सन्तान दरसन्तान झन्-झन् दासत्वको प्रबल जञ्जीरले बाँधिँदै गए र मानवीय अधिकार गुमाउँदै गए। सन् १९५०/५१ को अवधिसम्म जञ्जीवार र पेम्बा भन्ने टापूहरूमा १९०५/६ सम्म मारीरास र अंग्रेजका अरू नयाँ बस्तीहरूमा पनि करिया प्रथा सशक्त रूपमा चलेको थियो। यसैगरी भारतमा मलाया प्रायद्वीपमा तथा पेन्याक आदि ठाउँमा पनि कमारा-कमारीको प्रथाले उग्ररूप लिएको कुरामा इतिहास साक्षी छ। महर्षि बादरायणद्वारा लिखित महाभारत र पुराणहरूमा पनि दास-दासीको उल्लेख पाइन्छ। लडाइँमा हारेर दास भएका हैहयहरू कद्रु, विनता र हरिश्चन्द्रका कथाहरूले हामीलाई मर्माहत पार्दछन्। वेष्टइण्डिज, मारीशस र अफ्रिकाका द्विपहरूमा रहेका शक्तिशाली मानिसहरूले आफ्ना इलाकामा भएका दास-दासीले नपुगेर अन्य देशहरूबाट समेत किनेर करिया राख्ने प्रथा भएको पाइन्छ। यूनानी, रुमी र भारतमै पनि कैयौं शक्तिशाली राजा महाराजाहरूले दिग्विजय गरेपछि मनोमालिन्यकासाथ पराजित भएका वैरी दललाई लुटपाट गरी कठोर दासत्वको कालकोठरीमा कोच्दथे। यसैगरी अर्को मौका परी आउँदा नयाँ कमारा-कमारीलाई ग्रहण गर्ने र पुरानीयाँलाई छोड्ने प्रथाले उनीहरू कहिले बढ्ने र कहिले घट्ने हुन्थे।

### ७.१ नेपालमा करिया प्रथा

अन्य देशहरू जस्तै नेपालका सबैजसो कमारा-कमारीहरू यहीं जन्मिएका थिए। कमारा-कमारीहरूले मालिकको संकेत अनुसार चल्नुपर्ने बाध्यता र विवशता थियो। तिनीहरू वेश्याझैं लुटिन्थे, गाई, भैंसीझैं बेचिन्थे। भकाराको मल जस्तै त्यसै अलपत्रिएर छरिन्थे र अस्तित्वहीन भएर बिलाउँथे।

कमारा-कमारी यसले राख्न पाउने र उसले राख्न नपाउने भन्ने कुराको सवालै थिएन। जुन जातको मानिस धनी भयो उसैले घरमा कमारा-कमारीहरू राख्दथ्यो। यो कुरा अचेल पनि नोकर-चाकरको रूपमा नेपालमा चलेकै छ। पहाड, लेक वा तराईका घरबाट कोही पैसा कमाउने उद्देश्यले र कोही भने पढ्ने उद्देश्यले शहर बजारतिर घुइँकिन्छन्। तर उनीहरूको साथमा जीवन धान्ने कुनै उपाय हुँदैन र उनीहरू कुनै साहु-महाजनको घरमा बच्चा खेलाइदिएर, कुनै होटेल रेष्टुराँमा जूठा भाँडाकुँडा माझेर र कुनै भद्रभलाद्मी भनाउँदाको घरमा भात-तिहुन पकाएर भाँडा माझेर जीविका चलाउँछन् र एक अंशमा आफ्नो उद्देश्य पूरा भएको अनुभव गर्दछन्। यो कुरा हामीमध्ये कसैले पनि भोगेको हुनसक्छ। अचेल कमारा-कमारीको

प्रथा छैन तर नोकर–चाकरको चलन भने व्यापक रूपमा फैलिएको पाइन्छ । आफ्ना साथमा केही सम्पत्ति हुने बित्तिकै साधारण काम पनि आफैंले गर्नु नहुने परम्परामा राष्ट्र र राष्ट्रियताको विकासमा पूरै अवरोध खडा गर्ने कुरा महसूस गरिएको छ ।

पहिले यदि धनी छ भने तल्लो जातको मानिसले पनि कमारा–कमारी राख्न पाउने कुराको उदाहरण हामीलाई यसरी मिलेको छ —

वर्तमान राजनैतिक विभाजन अनुसार पूर्वाञ्चल विकास क्षेत्र सगरमाथा अञ्चल ओखलढुङ्गा जिल्लामा पर्ने 'चुल्लु घोराखोरी' बस्ने 'बखाने नाउँ गरेको कामीले २२ जना कमारा–कमारीहरू राखेको थियो । वि. सं. १९८१ सालमा श्री ३ चन्द्र शमशेरले कमारा–कमारीको अमलेख गरेपछि त्यस कामीले दुईटा घोडामा लडाएर ओखलढुङ्गा अड्डाबाट उनीहरूको मोल मोहरिया (डबल) ल्याएको देख्ने मानिस छँदैछन् ।[12]

महीसिंह नाम गरेका दमाईंका कमाराले लगाएको 'महीसिंघे' नाम गरेको पीपल ओखलढुङ्गा जिल्लाकै 'यसम' गाउँमा अझै छँदैछ ।[13]

### ७.२ नेपालमा कमारा–कमारीको संख्या

अन्तर्राष्ट्रिय परिप्रेक्ष्यमा विचार गर्दा जञ्जीवार भन्ने ठाउँमा करीव दुइलाख कमारा–कमारी थिए भने वेष्ट इण्डिजमा सात लाख करिया भएको तथ्याङ्क प्राप्त भएको छ । यसैगरी नेपालमा वि. सं. १९७७ सालको लगत अनुसार करिया बाहेकको जनसंख्या ५५२७७२४ र ४६०६४ करिया थिए । यसैगरी १९८० सालको लगत अनुसार १५७१९ मालिकहरूका ५१५१९ कमारा-कमारीहरू थिए । (हेर्नुहोस् – लगत १)

### ७.३ नेपालमा कमारा-कमारीको अमलेख

सभा
"यतोधर्मस्ततोजयः"

अस्ती मार्ग १४ गते शुक्रबारका दिन टुंडिखेलमा यौटा ठूलो सभाभयो । यो सभामा सदाकाल 'सर्वेभवन्तुसुखिनः' यसैलाई आफ्ना हृदय पटलमा अङ्कित गरि राखिबक्सिने अत्यन्त दयार्द्र हृदय धर्मात्मा अग्रगण्य भै बसेका बडा बिचारशील श्री ३ महाराजबाट यो नेपाल राज्यमा अघिदेखि रहिरहेको दासत्वको शृङ्खलामा बाँधिइराख्ने कुप्रथालाई मेटाउनका निमित्तको रायलिइबक्सनालाई भाइ-भारदार, जङ्गी निजामती, जागिरदार, साहु–महाजनहरू र अरू सज्जन भला आदमी समेत सारालाई सामेल गराइबक्सेको थियो । करिब १२ बजे सारा मानिस जम्मा भैराखेका थिए । खरीका रूखदेखी दक्षिणतिर जङ्गीहरू थिए । पूव उत्तरतिर निजामती कमारा-कमारीका मालिक साहु-महाजन र त्यहाँ पछी वरिपरि अरू सज्जनहरू थिए । वहाँ पछी यथाक्रमले श्री चीफ साहेब श्री ३ महाराज श्री ५ महाराजाधिराजको सवारी भयो । अनी श्री ३ महाराजबाट पहिले श्री ५ महाराजाधिराजका हजूरमा विन्ती चढाउने कुरा विन्ती चढाइ सकिएपछि श्री मान्यवर गुरुराज हेमराज पण्डितज्यू......" कमारा–कमारीद्वारा अभिलेख गर्ने कुराको राय लिनालाई ठीक भएको लामो प्रभावोत्पादक स्पीच साराले हृदयमा घाम लागे जस्तो झलकने स्पष्ट बुझिनेगरी सुनाई बक्सियो । करीब पौने ५ बजे वल्ल सिद्धियो । श्री ५ महाराजाधिराज श्री ३ महाराजको सवारी दरबार तर्फ फिर्‍यो । श्री चीफ साहेबबाट सो स्पीचको छापिएको किताब सारालाई बाँडिबक्सियो । श्री ५ सरकार श्री ३ सर्कारकी जय भन्दै सारा मानिस आफ्ना-आफ्ना घर गए । सोही स्पीचको मुख्य–मुख्य कुरा अहिले संक्षेप तवरले हाम्रा प्रियपाठक-हरूका अवलोकनार्थ यो गोर्खापत्रमा दिइएको छ । अर्को हप्तादेखि क्रमशः जम्मै स्पीच दिने उमेद पनि गरेका छौं ।[15]

### ७.४ करियाको खानु मोल, गुन्द्रुकको खानु झोल भन्ने लोक परम्परा

कमारा–कमारी भएर जीवन बिताउनु साधारण कुरा थिएन । "मालिकको मनखुशी आफूलाई र आफ्ना परिवारलाई सुम्पिनु पर्थ्यो । करियाले अरूले खाइसकेपछि-को जूठो पूरा खानुपर्थ्यो । झुत्रा–झात्री जडौरीले आङ् ढाक्नु पर्थ्यो ।"[16] करियाको खानु मोल, गुन्द्रुकको खानु झोल भन्ने मालिकहरूमा एकपक्षीय धारणा फैलिएको

थियो । त्यसैले दुःख र कष्ट जति कमारा-कमारीले नै भोग्नु पर्दथ्यो । एउटा मेशीन झैं उनीहरू सधैं काममै तल्लीन हुन बाध्य हुन्थे । समाजमा उनीहरूको कुनै कदर थिएन । यसै प्रसङ्गमा चन्द्र शमशेरको भनाइ अघि सारौं "आखिर करियाहरू पनि मानिसै हुन्, मानिसहरूको जस्तो दिल तिमीहरूको पनि रहेकै हुन्छ' तर उनीहरूलाई मानिस झैं व्यवहार गरिदैनथ्यो । सबैभन्दा तुच्छ काम पनि यिनीहरूले नै गर्नुपर्थ्यो । विवाहमा डोली बोक्ने काम कमाराले गर्थ्यो र कलश कमारीले बोक्नु पर्थ्यो । (यसको अवशेष गाउँघरमा अझै पाइँदैछ) वास्तवमा मानिसले मानिसको हाड घोट्नु ज्यादै तुच्छ कुरा हो ।

१९८०–८१ तिर १ प्रतिशत कमारा–कमारी र सयकडा ४ आनाभन्दा केही बढी मालिकहरू थिए । कमारा–कमारीहरूले जति काम गरे तापनि एक पेट पनि मुश्किलले उपलब्ध हुने हुँदा उनीहरूमा काम गर्ने जोश, उमङ्ग, उत्साह र जाँगर अवश्य कम हुँदो हो भन्ने प्रमाण अफ्रिकाका हब्सीहरूले समेत नपत्याएका 'क्याटरीभर' किनारको वस्तीमा रहेका 'हाटेण्टट्' भन्ने मानिसले दासत्वबाट मुक्ति पाएपछि गरेका कामको लगनशीलता ज्यादै प्रशंसनीय भएको कुरा इतिहास अध्ययन गर्दा थाहा पाइन्छ । त्यसैगरी 'पेम्बा' का हब्सी र त्यसभन्दा पर 'सिचेलिस' भन्ने टापुका आफूखुशी भएका हब्सीहरूको काम दाँजी हेर्दा करिया हब्सीले गरेभन्दा तीन दोब्बर आफूखुशी भएका हब्सीले गरेको पाइयो ।

१८९६ सालमा ४ जात ३६ वर्णले मर्दाना, जनाना, बालकमध्ये कसैलाई पनि मार्सी करिया तुल्याउनु हुँदैन भन्ने व्यहोराको लालमोहर बहिराएको पाइन्छ । मालिक बाहेक अरू आफूखुशी कमारीको सम्बन्ध भएर जन्मिएका बालकलाई ऐन बमोजिमको मोल तिरी बाबुले अमलेख गराउन पाउँथ्यो । त्यस्तै मालिकबाट जन्मिएको बालक भने त्यसै पार हुन्थ्यो । कमारीले आफ्ना मालिकबाट छोराछोरी पाएपछि त्यसै अमलेख हुने र केही हक समेत पाउने ऐन थियो । कुनै पनि करिया विदेशमा तीन वर्ष बिताएर घर आएपछि मालिकलाई ऐन बमोजिमको मोल तिरेर अमलेख हुन पाउने र दश वर्ष बिताएर आएको छ भने केही पनि नतिरी अमलेख हुने व्यहोरा १९७८ सालमा बनेको ऐनमा लेखिएको पाइन्छ । तर त्यो अशिक्षारूपी अन्धकारमा डुबेका आँखाहरू नगीचै देखा पर्न सकेन । उनीहरूले वत्तीका पुतली भएर आफ्नो जीवन मालिकहरूका निम्ति समर्पित गरी नै रहे । त्यस–बेलाका मालिकहरू तीन थरीका देखिन्छन्–

(१) दासत्वबाट मुक्त गराउन चाहने ।
(२) करियाको काम खानुपर्छ भन्ठान्ने ।
(३) पोइसंग जोइ र छोराछोरीसंग बाबु–आमा छुटचाउने घृणित व्यवहारदेखि पनि नहिच्किचाउने ।

यी ३ प्रकारका मालिकहरूमध्ये सबैभन्दा तुच्छ ईश्वरले पनि आँसु चुहाउनु पर्ने खालको व्यवहार तेस्रा श्रेणीका मालिकहरू गर्थे । चन्द्र शमशेरका शब्दहरू फेरि अघि सारौं– "बालक कमारा–कमारीलाई कलिलै उमेरमा आमा-बाबुसंग बिछोड गराइ अन्यत्र बेचिदिनु निर्घृणी चाल हो ।" तर यस्तै मालिकहरू प्रशस्त देखापर्थे र उनीहरूद्वारा कमारा–कमारीहरू प्रशस्तै ठगिन्थे । धेरै जहान भएर पाल्न नसक्दा अथवा मालिकलाई खर्च खाँचो भएको बेला बाबु–आमाका काखबाट छोराछोरीहरू बेचिन्थे । लोग्ने-स्वास्नीलाई पनि छुटचाएर बेचिन्थ्यो । मालिकले कमारीलाई राखेर जन्मेका छोराछोरीहरू अर्कैको हो भनेर ढाकछोप गरिन्थ्यो । कैयौं कमारीलाई मालिकले भुँडी बोकाएर बेइज्जत हुने डरले बेच्थे र घ्याम्पे भुँडी लिएर किन्नेको पछि लाग्नु पर्थ्यो । करियाकी १६ वर्ष जवान छोरीले पनि राति मालिकका कोठामा गएर मालिकको गोडा मोल्नुपर्थ्यो । कमारा–कमारीहरू घरमा बालबच्चा छाडेर मेलापात जान्थे, आउँदा छोरा-छोरी मालिकले बेचिसकेको हुन्थ्यो र उनीहरू छाती पिटीपिटी रुन्थे । उनीहरूको न्याय निसाफ कतै हुँदैनथ्यो ।

### ८.१ उल्लेखनीय केही मार्मिक घटना

१. एउटा मालिक कमारीलाई पेट बोकाएर विदेश गयो । केही समयपछि घर फर्कंदा कमारीबाट जन्मिएको बालक मरिसकेको थियो । पछि निर्दयी भई त्यो मालिकले कमारीलाई बिक्री गर्‍यो तर कमारीको उर्लंदो वैंशलाई

खप्न नसकेर बेला–बेलामा ऊसित गएर काम वासना तृप्त गर्थ्यो अनि त्यसैले ग्रन्तै पोइल गई भनेर ग्रर्कै पोइ देखाउँदा कमारीले खप्न नसकी इन्साफ माग्न ग्राएको कुरा चन्द्र शमशेरको स्पीचमा लेखिएको छ ।

२. पूर्व २ नं. मा ४ ग्रामाबाबु र छोराछोरीमध्ये ग्रामाछोरालाई एकातिर र बाबुछोरीलाई ग्रर्कोतिर पनि बेचिएको थियो ।

३. एउटी कमारीका ७ छोरा–छोरीहरूमध्ये एक छोरी र चार छोरालाई मालिकले ग्रगाडि नै बेचिसकेको थियो । ऊ रोई, कराई, मालिकका खुट्टामा छाँदहाली तर क्रूर मालिकले त्यसको परवाह नै नगरी ग्रझ ग्रर्को छोरोलाई समेत बेच्न लाग्दा त्यो कमारी निक्सानी ग्रड्डामा विन्तिपत्र चढाउन ग्राएकी थिई । उसको विन्तिपत्र यस्तो खालको थियो–

"पुनस्को कमाई र ग्रापनो कर्म यस्तै रहेछ भनी धैर्यगरी ग्राफू संग रहेका बालकहरूको मुखहेरी चित बुझाई रहेकी थिएँ ग्रहिले दूध खाँदै रहेको काखको ४ वर्षको बालकलाई पनि कति दया नराखी मालिकले बिक्री गरी दिन लाग्दा चित थाम्न सकिन"

यसरी एउटा कमारालाई किनेर ल्याएपछि भेंडा–बाखा जस्तो त्यसबाट पुस्तौं पुस्ता जति सन्तान जन्मन्छन् ती सबै मालिककै हुन्थे र ग्रामाबाबुको मुटु फुटाएर किनबेच गरिन्थ्यो । यस्तो घृणित चलनले कसको हृदय धूजा–धूजा नहोला ? चन्द्र शमशेर भन्छन्– "करियाले मनुष्य योनीलाई धिक्कार सम्झदो हो त्यसले सारा जगतै ग्रँध्यारो देख्न थाल्दो हो ।"

## ८.२ नेपालमा कमारा–कमारीको मूल्य

कमारा–कमारीको मूल्यको हकमा कमारीको १२० र ६ वर्षका करियाको ३५ रूपैयाँ ऐनमा लेखिएको छ भन्ने प्रमाण चन्द्र शमशेरकै स्पीचद्वारा पाइयो तर कमाराको मूल्य निश्चित भएन तापनि ग्रमलेख हुँदा कमारा कमारीको मोल थापेका ईश्वरीप्रसाद भट्टराई यसो भन्छन्– "बाबु ! धेरै वर्ष भयो हेक्का रहेन १२० कमारीको र ६० रूपैयाँ कमाराको मोल लिए जस्तो लाग्छ ।"[17] ऐनमा जति लेखिए तापनि ऐन-ऐननै थियो । किनबेच चाहिं १९५८ देखि १९७१ सम्म हेर्दा एउटी जवान कमारीलाई ५०।– रू. देखि ३५०।– रू. सम्ममा किनबेच गरेको पाइयो ।

## ८.३ नेपालमा करिया मोचन गर्दा लागेको खर्च

विश्वका धेरै राष्ट्रहरूलाई नियाल्दा सबै देशहरूमा कमारा–कमारीको उन्मूलन भइसकेको र 'ग्रोबिसिया' जस्तो सानो मुलुकले पनि त्यसैताका करियाको चलन नमान्ने ऐन बनाएको थियो । यस्तो घृणित चलनले गर्दा ठूलो बेइज्जत हुने सम्भावना देखिएकोले १९८१ साल मार्ग १४ गते शुक्रवारका दिन टुंडिखेलको ठूलो ग्रामसभामा स्पीच दिएर चन्द्र शमशेरले कमारा–कमारीको ग्रमलेख गरे । जसको लागि ३६,७०,००० (छत्तीस लाख सत्तरी हजार) रूपैयाँ खर्च गरेर मालिकहरूलाई तोकेको मोल वितरण गरियो । यो धन सबै पशुपतिनाथका गुठी–बाट झिकिएको हुनाले त्यसबेला ग्रमलेख भएका करियाहरू 'शिवभक्त' कहलाइए । कमारा–कमारीहरूलाई "भिखरा ठोरी" मा पठाइयो र त्यस ठाउँको नाम ग्रमलेखगञ्ज रह्यो ।[18]

## ९.१ कमारा–कमारीको किनबेचको ऐतिहासिक पत्र

यसरी कमारा–कमारीहरूको किनबेच गरिन्थ्यो भन्ने सुनिए तापनि किनबेच गरेको कागज–पत्र भने ग्राजसम्म कतै प्रकाशमा ग्राए जस्तो लाग्दैन । यसैले पूर्व ३ नं. ग्रोखलढुङ्गा जिल्ला ग्रन्तर्गत गाम्नाङ्टार गाउँ पञ्चायतका वितविार मुखिया जमादार हरिलाल पाध्या भट्टराईलाई ग्रोखलढुङ्गा जिल्लाकै यसम गाउँ पञ्चायतका सिंघवीर खत्री क्षेत्रीका कान्छा छोरा गगनसिंह खत्री क्षेत्रीले २२ वर्षकी गोदी भन्ने कमारी र २ वर्षको हस्ते भन्ने उसको छोरालाई दुइसय वहत्तर रूपैयाँमा बेचेको एउटा ऐतिहासिक पत्र प्राप्त भएकोले सो पत्रको व्यहोरा यहाँ प्रस्तुत गरिन्छ–

लीषितम् तील्पुं कट्टि येसम गाउं वस्न्या सिंघार्वीर खत्री क्षेत्रीका येका घरका कान्छा छोरा गगन सिं खत्री क्षत्री आगे हाम्रा घरकी घरिया गोदी भ ने की कमारि वर्ष २२ की जीय के मोल रूपैञा २३० गौराजी रू १ स्मेत् जम्बा मोरू २३१ नीजको काषको छोरो हस्ते भन्याको वर्ष २ को जीय १ के मोल मोरू ४० गौराजी रू १ स्मेत मोरू ४१ दुवै ज्यू को मोल गौराजी जम्बा मोरू पैञा दुइसहे वहतर २७२ मा मैले बेचे गामनाङ् कुस वृर्ता का वृर्ता वार मुषिया जमादार हरिलाल पाध्या भट्टराईले कीन्या कीन्न्याको ज्यू पाको बेचनेको दाम पाको आज अघीको कल केल बेचनेको अब प्रान्तको कल काल कीन्न्याको भनि मेरा मनो मान षुसिराजीले परंभट्टार लेबि जमादार हरिलाल पाध्या भट्टराईलाई दीञा दृष्टा साछि फटकेषट्टि सहीं छाप गर्ने ईति सम्वत १९५८ साल मिति जेष्ठ सुदी दस हरा १० रोज २ शुभम्— १

✕ दृष्टा साक्षि जम्मा
लेखक सुवेदार
✕ हकवाला येसम गाउँका गंज सिं खत्री क्षत्री — १
स्हीं ईश्वरिदत्त बेडारि
सहि हकवाला ऐ का रनबहादुर ऐ ऐ — १
सहि हकवाला ऐ का बं बाहादुर ऐ ऐ — १
गामनाङ कुसियार जीम्वावाल मुखिया श्री
सहि भुपाल पाध्या भट्टराई — १

## १०.१ वर्तमान नेपालमा मानिसको किनबेचको रोकथामका लागि भएको संवधानिक व्यवस्था

नेपालको संविधान भाग ३ धारा १३ को शोषण बिरूद्धको हक अन्तर्गत यस्तो लेखिएको पाइन्छ– "मानिसको बेचबिखन दासत्व र मानिसलाई कुनै किसिमको जवर्जस्ती काम गराउन निषेध गरिएको छ।"[19]

## १०.२ उपसंहार

अन्त्यमा के भन्न सकिन्छ भने मान्छेको किनबेच जस्तो घृणित कामलाई श्री ३ प्राइम मिनिष्टर चन्द्र शमशेरले अमलेख गरे। राणाहरूले देश र जनताको भलाइभन्दा व्यक्तिगत उन्नतिमा बढी ध्यान दिएका थिए। तर चन्द्र शमशेरले कमारा–कमारीहरूको अमलेख गरेर जुन किसिमको जनपक्षीय काम गरे त्यसैबाट मात्र पनि उनको नाम इतिहासमा सच्चा साहसी व्यक्तिको रूपमा अङ्कित भएर रहनेछ।

## ११.१ सन्दर्भ ग्रन्थ


१. प्रा० ढुण्डीराज भण्डारी– नेपालको आलोचनात्मक इतिहास।

२. बाबुराम आचार्य– नेपालको संक्षिप्त वृत्तान्त।

३. भूपहरि पौडेल– ऐतिहासिक मकै पर्व।

४. भूपहरि पौडेल– जयतु संस्कृतम् अन्दोलन, प्रज्ञा, पूर्णाङ्क ३८।

५. हर्षनाथ शर्मा– बृहत् नेपाली शब्दकोश।

६. श्री ३ चन्द्र शमशेर स्पीच, १९८१।

७. मोहनप्रसाद खनाल चांगुनारायणको ऐतिहासिक सामग्री।


८. केशवराज अर्याल (अनुवादक) कौटिल्यको अर्थशास्त्र।

९. अम्बिकाप्रसाद अधिकारी लगायत थुप्रै लेखक, महेन्द्रमाला कक्षा ८।

१०. कार्जीरोसन मानसरोवरमा डुबुल्की मार्दा।


## ११.२ सन्दर्भ जानकारी

१. यक्षप्रसाद भट्टराई।
२. ईश्वरीप्रसाद भट्टराई।
३. तुलसीप्रसाद भट्टराई।
४. कुलप्रसाद भट्टराई।
५. तेजप्रसाद भट्टराई।
६. भुक्तिराज भट्टराई।
७. टीकाप्रसाद पोखरेल।
८. चन्द्रनाथ घिमिरे।
९. लक्ष्मीशरण वाग्ले।
१०. डिठ्ठा जयकृष्ण भट्टराई।



कमारा–कमारीको बेचबिखनसम्बन्धी ऐतिहासिक तमसूक

# लगत १

फिरिस्त (ङ)[20]

| | १९७७ सालमा भएको सेन्ससबाट देखिएका लगत | | | १९८० सालमा भएको सेन्ससबाट देखिएका लगत | | प्रतिशत | |
|---|---|---|---|---|---|---|---|
| | मानिसको संख्या | | | | | जम्मा मानिस-को संख्याबाट करिया सयकडा | धनीमा सय-कडा |
| | करिया बाहेक जम्मा जनसंख्या | करिया | जम्मा जवान | धनी | कमारा-कमारी | | |
| ४ भञ्ज्याङ भित्र | ३०५५८० | १३२९ | ३०६९०९ | ५३४ | १४०९ | १/२ | ४/५ |
| ४ भञ्ज्याङ बाहिर | ५९८६० | २४१ | ६०१०१ | १०९ | २१४ | १/३ | १ |
| | ३६५४४० | १५७० | ३६७०१० | ६४३ | १६२३ | | |
| पश्चिम १ नं. | १६३८९५ | १३५६ | १६५२५१ | ६०८ | १८९३ | १ | १ ३/४ |
| ,, २ नं. | ५८१८८ | १०१ | ७९२०३ | ४०३ | १०१७ | १ १/२ | २ ३/४ |
| ,, ३ नं. | ८१२२५ | ९३५ | ८२१६० | ४७८ | १३८५ | १ १/२ | ३ |
| ,, ४ नं. | १७९०७२ | ४२४५ | १८३४१७ | १४२८ | ५०८३ | २ ३/४ | ५ |
| पाल्पा गुल्मी ८ जिल्ला | ३७०२०७ | ६६९३ | ३७६९०० | २२०६ | ७४९२ | २ | ३ १/२ |
| प्यूठान | १२०३८७ | १६७६ | १२२०६३ | ५२७ | १६२९ | १ १/४ | २ १/२ |
| दाङ् सल्यान | २१३१९४ | ११३५ | २१४३२९ | २०० | १०२७ | १/२ | ३/४ |
| डोटी | १५२३२६ | ९०० | १५३२२६ | २७८ | १०३० | २/३ | १ |
| बैतडी डडेंलधुरा | ७७३२० | ५९३ | ७७८९५ | १४५ | ५०७ | २/५ | २ १/२ |
| दैलेख | ८३७५० | ४२३ | ८४१७३ | ८७ | ३२३ | २/५ | २/३ |
| जुम्ला | ८८१३३ | ८८९ | ८९०२२ | ३८१ | १२२० | १ १/३ | २ १/२ |
| | १६०७६७१ | १९९६० | १६२७६३९ | ६७४१ | २२६०५ | | |
| कास्की लमजुङ | १३६०४४ | ३५२१ | १३९५६५ | १४८३ | ४२४६ | ३ | ६ |
| ऐ. फलावा | ४४७५ | ५५ | ४५३० | २७ | १११ | २ १/२ | ३ १/४ |
| ,, बझाङ | ४२५९६ | ४४७ | ४३०४३ | १०९ | ४९२ | १ | २ |
| ,, जाजरकोट | ७३५७९ | २९५ | ७३८७४ | ६९ | २४७ | १/३ | १/२ |
| ,, बाजुरा | १८४९ | ३७१ | २०२२० | ५६ | ३६० | १ ३/४ | २ |
| | २७६५४३ | ४६८९ | २८१२३२ | १७४४ | ५४४६ | | |
| पूर्व १ नं. | २११३८१ | २३२२ | २१३७०३ | ८१० | २५६३ | १ १/४ | २ |
| ,, २ नं. | १७२९२१ | ४१५१ | १७७०७२ | १३६६ | ४७१८ | २ ३/४ | ४ |
| ,, ३ नं. | १०४७६७ | ३३३८ | १०८१०६ | १४७८ | ५०४७ | ४ १/२ | ७ |
| ,, ४ नं. | २६५१४५ | ४५२३ | २६९६६८ | १०११ | ३३४५ | १ १/४ | २ |
| धनकुटा | ३४९०१८ | ३२४४ | ३५३०६२ | १४०४ | ४३०७ | १ १/४ | १ १/२ |
| इलाम | ८७०२८ | ४४७ | ८७४७० | १५२ | ५१८ | ३/४ | १ |
| | ११९१०६१ | १८०२५ | १२०९०८६ | ६२२१ | २०५९८ | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| बीरगञ्ज | ४१४५१५ | १४२ | ४१४६५७ | २३ | ६९ | | |
| महोत्तरी सर्लाही | ४७०९०० | ३९२ | ४७१२९२ | ४३ | १११ | | |
| सप्तरी | ३७७४८३ | ३७२ | ३७७८५५ | ११५ | ३६८ | १ १/५ | १/५ |
| उदैपुर | ४८३९७ | ५१६ | ४८९१३ | १२६ | ५२५ | १ | १$\frac{1}{3}$ |
| मोरंग विराटनगर झापा | २११२४० | ६८ | २११३०८ | ४४ | १२१ | | |
| खजहनी स्यूराज | १२२२६९ | १४ | १२२२८३ | २ | ६ | | |
| पाल्ही माझ खण्ड | १८४५५५ | २६ | १८४५८१ | ३ | ६ | | |
| बाँके वर्दिया | १०४४५५ | ११ | १०४४४६ | २ | ६ | | |
| कैलाली कञ्चनपुर | ४६८१५ | १ | ४६८१६ | | | | |
| मकवानपुर | ५६२९४ | २२२ | ५६५१६ | ७ | २५ | | |
| काङ् द्राङ | ९५५७ | २ | ९५५९ | ६ | १२ | | |
| चितावन | २०५०६ | १४ | २०५२० | | | | |
| सुनार | २७२६ | २ | २७२८ | | | | |
| सुर्खेत | १७२८९ | ३८ | १७३२७ | | | | |
| | २०८७००१ | १८२० | २०८८८२१ | ३७० | १२४७ | | |
| जम्मा | ५५२७७२४ | ४६०६४ | ५५७३७८८ | १५७१९ | ५१५१९ | | |

## टिप्पणीहरू

१. भूपहरि पौडेल; **'जयतु संस्कृतम्' आन्दोलन**, प्रज्ञा वर्ष १०, अङ्क ४, पूर्णाङ्क ३८, २०३९, पृ. १ ।

२. भूपहरि पौडेल, **ऐतिहासिक मर्म पर्व**, प्रथम संस्करण २०४०, पृ. ८९, ९० ।

३. हर्षनाथ शर्मा (सम्पादक) **बृहत् नेपाली शब्दकोश**, प्रथम संस्करण २०२३, पृ. १०६ ।

४. बालचन्द्र शर्मा [सम्पादक] **नेपाली शब्दकोश**, प्रथम संस्करण २०१९, पृ. १५६ ।

५. अपरार्क चतुर्विंशति तमे ।

६. विष्णु धर्मोत्तरे ।

७. देबल धर्मे ।

८. मार्कण्डेय पुराणे ।

९. केशवराज अर्याल [अनुवादक] **कौटिल्य अर्थशास्त्र**, ने. रा. प्र. प्र. प्रथम संस्करण २०२४, पृ. ३१९ ।

१०. अम्बिकाप्रसाद अधिकारी लगायत थुप्रै लेखकहरू **महेन्द्र माला** (कक्षा ८ को पाठ्यक्रम) दोस्रो संस्करण २०३९, जेठ, पृ. ८५ ।

११. अम्बिकाप्रसाद अधिकारी लगायत थुप्रै लेखकहरू **महेन्द्रमाला** (कक्षा ८ को पाठ्यक्रम) आठौं संस्करण २०३६, पृ. १२८ ।

१२. ईश्वरीप्रसाद भट्टराईबाट जानकारी ।

१३. तुलसीप्रसाद भट्टराईबाट जानकारी ।

१५. **गोर्खापत्र** भाग २४ [साप्ताहिक समाचार पत्र] संवत् १९८१ साल मार्ग १७ गते सोमवार (संख्या ३२) ।

१६. यक्षप्रसाद भट्टराईबाट प्राप्त जानकारी ।

१७. ईश्वरीप्रसाद भट्टराईबाट प्राप्त जानकारी ।

१८. कमारा–कमारीको ऐतिहासिक परंपरादेखि नेपालमा करियां मोचन गर्दा लागेको खर्चसम्मका तथ्य कुराहरू गोर्खापत्र र ईश्वरीप्रसाद भट्टराईबाट प्राप्त जानकारी बाहेक

च. नं. २२३ सम्वत् १९८१ साल
मार्ग १४ गते शुक्रवारका दिन
श्रीं ३ महाराज चन्द्र शमशेर जङ्गबहादुर राणा
जि. सि. बि. जि. सि. एस. आई. जि. सि.
एम. जि. जि. सि. मि. ओ.
डि. सि. एल.
थोङ्-लिङ्-पिम्मा-को काङ्-वाङ्-स्थान
प्राइमिनिष्टर आण्ड मार्शल
बाट
भारदार अफिसर र भलादमीहरू जम्बागरी
करियाको अमलेख गर्ने बारेमा
विचार गर्नालाई टुंडिखेलमा
बक्सेको
'स्पीचमा' आधारित छन् ।

१९. नेपालको संविधान २०१९ (तेस्रो संशोधन) पृ. ८ ।

२०. यो लगत चन्द्र शमशेरको स्पीच फिरिस्त (ङ) बाट उतारिएको हो ।